# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई, झापामा कार्यरत आयोजना व्यवस्थापक (सि.डि.ई.) हुतराज चौहान, इन्जिनियर रविन्द्र कुमार शर्मा र लेखापाल हिमाल पौडेलले सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल र आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजहरु आयोजना व्यवस्थापक (सि.डि.ई.) हुतराज चौहान, इन्जिनियर रविन्द्र कुमार शर्मा र लेखापाल हिमाल पौडेललाई सेवाग्राहीबाट रु.४,००,०००।- (चार लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई झापाका आयोजना व्यवस्थापक (सि.डि.ई.) हुतराज चौहान, इन्जिनियर धर्मेन्द्र कुमार झा, इन्जिनियर रविन्द्र कुमार शर्मा र लेखापाल हिमाल पौडेलसमेतको मिलेमतोमा सडकको निर्माण कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानिको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरी इन्जिनियर रविन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेलले घुस/रिसवत बापत रु.४,०००,००।—लिएको पुष्टि हुन आएकोले ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई, झापाका इन्जिनियर रविन्द्र कुमार शर्मा र लेखापाल हिमाल पौडेलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज रविन्द्र कुमार शर्मा र हिमाल पौडेललाई बिगो रु.४,००,०००।- (चार लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन र ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई झापाका आयोजना व्यवस्थापक हुतराज चौहान र इन्जिनियर धर्मेन्द्र कुमार झाले अन्तिम बिलको भुक्तानिका लागि घुस वापतको रकम लिन खान मिलेमतो गरी सोही वमोजिम निजहरुको समेत सहमतिमा रकम लिएको हुँदा निजहरु हुतराज चौहान र धर्मेन्द्र कुमार झाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएकोले निज आयोजना व्यवस्थापक हुतराज चौहान र इन्जिनियर धर्मेन्द्र कुमार झालाई बिगो रु.४,००,०००।- (चार लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल